**निर्णयहरु :**

१.विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ मा निम्नानुसारले संसोधन गर्ने निर्णय गरियो ।

दफा ३.१ मा उल्लेख भएको कोषको नाम मर्स्याङ्दी गाउँपालिकाको गाउँ विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १२ मा व्यवस्था भए अनुसारको **विपद व्यवस्थापन कोष** रहनेछ भनी संसोधन गर्ने निर्णय गरियो ।

**दफा २० को विपद प्रभावित वर्गीकरण लाई निम्नानुसारले गर्ने गरि संसोधन गर्ने निर्णय गरियो ।**
गाउँपालिकामा आइपर्ने विपदबाट प्रभावितहरुको वर्गीकरण देहाय बमोजिम हुनेछ ।

**क) प्रभावित :**
प्राकृतिक वा मानव सृर्जित विपद जस्तै : भुकम्प, बाढी, पहिरो, आगलागी, हुरी बतास,अना वृष्टि, अति बृष्टि, चट्याङ, असिना, महामारी, जनावर आदीबाट क्षति भएका गोठ, शौचालय तथा धन्सार, व्यक्ति तथा परिवारहरु ।

**ख) आंशिक प्रभावित :**
प्राकृतिक वा मानव सृर्जित विपद बाट प्रभावित भएकाहरु जस्तै : घरमा क्षति भएका तर बस्न लायक, पहिरोले खेतबारी पुरेको, भुकम्प, बाढी, पहिरो, आगलागी, हुरी बतास, बृष्टि अति बृष्टि, चट्याङ, असिना, महामारी, जनावर आदीबाट घर तथा मानव जन, चौपाय, पशुपंक्षीमा क्षति भएको ।

**ग) अति प्रभावित :**
प्राकृतिक तथा मानव सृर्जित विपदबाट प्रभावित भई जनधनको क्षति व्यहोरेको परिवारका सदस्यका मृत्यु भएका, बसोबास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार पूर्ण रुपमा नष्ट भएका, अङ्ग भङग भई जिविकोपार्जनका लागि अन्य माथी आश्रित हुन पुगेका ।

**घ)** खानेपानी, गोरेटोबाटो, विद्यालय, संघसंस्थाहरुमा क्षति पुगी सञ्चालनमा समस्या परेमा ।

**ङ)** गाउँपालिका भित्र महामारी फैलन गई तथा स्वास्थ्य संस्थाहरुमा औषधी अभाव भई तत्काल औषधी खरिद तथा विपदको कारणले अति आवश्यक सामग्री खरिद गर्नु पर्ने अवस्था ।

**दफा २१ को राहत वितरण व्यवस्थापन सम्बन्धी व्यवस्थालाई निम्नानुसारले गर्ने गरि संसोधन गर्ने निर्णय गरियो ।**

क) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडा समितिको निर्णय पश्चात सम्बन्धित वडा अध्यक्षको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. २०(क) बर्गीकरणमा परेकाहरुलाई क्षतिका आधारमा पाँच हजार सम्म उपलब्ध गराउने ।

ख) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडा समितिको निर्णय पश्चात वडा अध्यक्षको सिफारिसमा विपद प्रभावितहरुलाई दफा बुँदा २०(ख) बर्गीकरणमा परेकाहरुलाई प्रति परिवार १५ हजार सम्म उपलब्ध गराउने ।

**सम्बन्धित वडा स्तरिय विपद व्यवस्थापन समितिको निर्णयअनुसार**
ग) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडा अध्यक्षको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा २०(ग) बर्गीकरणमा
परेकाहरुलाई देहाय बमोजिम राहत उपलब्ध गराउने ।

अ) परिवारका सदस्यहरु मृत्यु भएमा प्रति मृतक रु.५०,०००।- का दरले परिवारलाई उपलब्ध गराउने ।

आ) घर र घर भित्रको सामानहरु सहित पूर्ण रुपमा नष्ट भई घरबार बिहिन भएका परिवारलाई क्षतिको बिबरण हेरी प्रति परिवार रु.५०,०००।- सम्म उपलब्ध गराउने ।

इ) घर पूर्ण रुपमा नष्ट भएको तर घर भित्रको सामानहरु सुरक्षित भएका परिवारलाई क्षतिको बिबरण हेरी प्रति परिवार रु.३०,०००।- सम्म उपलब्ध गराउने ।

ई) अंग भङग भएका परिवारलाई प्रति व्यक्ति रु.२५०००।- सम्म उपलब्ध गराउने ।

उ) शारीरिक रुपमा घाईते भई उपचाररत अवस्थामा रहेका व्यक्तिलाई प्रति व्यक्ति रु.१०,०००।- सम्म उपलब्ध गराउने । तर गाउँपालिकाको सिफारिसमा निशुल्क उपचार भएको अवस्थामा यो व्यवस्था लागु हुनेछैन ।

घ)) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडा स्तरिय विपद व्यवस्थापन समितिको निर्णयअनुसार सम्बन्धित वडा अध्यक्षको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा २०(घ) बर्गीकरणमा परेकाहरुलाई प्राविधिक ईस्टीमेटका आधारमा अति प्रभावित सिफारिसमा परेका संघसंस्थाहरुको हकमा महिला, बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी काम गर्ने संस्थाहरुलाई मर्मत सम्हार तर्फ रु. ५०,०००।- सम्म र अन्य संस्थाहरुलाई रु.३०,०००।- सम्म उपलब्ध गराउने ।

- खानेपानी, गोरेटोबाटो जस्ता संरचनाहरुको तत्काल मर्मत गर्नुपरेमा प्राविधिक ईस्टीमेट, बिल,भरपाई, फोटो र सम्बन्धित वडाको सिफारिसको आधारमा गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ । तर रु १०,०००।- सम्म उपलब्ध गराउँदा बिल,भरपाई, फोटो र सम्बन्धित वडाको सिफारिसमा उपलब्ध गराउन सकिनेछ ।

ङ) २० (ङ) बर्गीकरणमा परेको हकमा गाउँ कार्यपालिकाको निर्णय अनुसार अथवा तत्काल औषधी खरिद गर्नुपर्ने हकमा गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिका संयोजकको निर्णयमा गाउँकार्यपालिकाले अनुमोदन गर्ने गरि आवश्यक औषधी तथा सामग्री खरिद गर्न सकिने ।

च) विभिन्न संघ संस्थाहरुको सहयोग तथा राहत वितरण गाउँपालिकाको समन्वयमा मात्र गरिनेछ ।

२. मिति २०७५ भदौ २७ गते आएको विपदको राहत वितरणका लागि सम्बन्धित वडाबाट ऐन तथा कार्यविधिका आधारमा सिफारिस भई आएका निवेदनहरुलाई स्थलगत रुपमा नै निम्नानुसारको समितिले अध्ययन गरि राहत रकम निर्धारण गर्ने र घर, घरमा नै गएर राहत प्रदान गर्ने निर्णय गरियो । साथै निम्नानुसारको समितिले गरेको राहत विपरण सम्बन्धि निर्णयलाई आगामी कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

संयोजक - अर्जुन गुरुङ ( गाउँपालिका अध्यक्ष )
सदस्य - होम बहादुर बि.क. ( गाउँपालिका उपाध्यक्ष )
सदस्य - बद्रीनाथ सापकोटा ( प्रमुख प्रशासकीय अधिकृत )
सदस्य - विपद प्रभावित वडाको वडा अध्यक्ष

३. आगामी २०७५ मार्ग ३ गते पर्ने हरिबोधनी एकादशीको अवसरमा मर्स्याङ्दी महोत्सव आयोजना गर्ने निर्णय गरियो । साथै उक्त महोत्सवमा निम्नानुसारका विषयवस्तुलाई समेटने निर्णय गरियो ।

- हरिबोधनी एकादशी मेलालाई समेत समेटेर धार्मीक मेला ।
- कृषि तथा स्थानिय उत्पादन (ब्यापारिक) मेला ।
- सांस्कृतिक मेला (स्थानिय कला, संस्कृतिको प्रवर्द्धन, प्रदर्शनी ) ।
- पर्यटन मेला, होम स्टे प्रवर्द्धन, साईट सिन ( छहरा, सुरुङ मार्ग, ड्याम साइट, गुम्बा, भक्ति थापा पार्क, डा. हर्क गुरुङ समाधिस्थल, तातोपानी कुण्ड ) ।
- मिति : २०७५ मंसिर ३ गते हरिबोधनी एकादशिको दिन उद्घाटन गर्ने गरी ३ दिन सम्म आयोजना गर्ने ।
- प्रमुख अतिथि :
  १. मा. मुख्य मन्त्रि, पृथ्वी सुब्बा गुरुङ
  २. मा. देव प्रसाद गुरुङ, सदस्य प्रतिनिधि सभा
  ३. प्रदेश मन्त्रि - सामाजिक विकास मन्त्रि, नरदेवी पुन
- स्थान : श्री अमर मा.वि., खुदी परिसर ।
- आयोजक:मर्स्याङ्दी गाउँपालिका, मर्स्याङ्दी महोत्सव आयोजक समिति

३. मिति २०७५ असोज २४ गतेबाट जन कल्याण यूवा क्लव, मर्स्याङ्दी - ६, नाईचेले शुरु गर्न लागेको फुटबल प्रतियोगिताको लागि विभिन्न धार्मिक ,सांस्कृतिक साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट भुक्तानी हुने गरी रु.२०,०००।- सहयोग गर्ने निर्णय गरियो ।

४.रेशम दमै, मर्स्याङ्दी - ६, ठुलोबेंसी ( घर आगलागी भई पूर्ण रुपम क्षति भएको ) लाई विपद व्यवस्थापन कार्यविधिका आधारमा विपद व्यवस्थापन कोषबाट विनियोजन हुने गरि रु. ३५,०००।- राहत उपलब्ध गराउने निर्णय गरियो ।

५. मन बहादुर सार्की, मर्स्याङ्दी - ८ ( घर आगलागी भई क्षति भएको ) लाई विपद व्यवस्थापन कार्यविधिका आधारमा विपद व्यवस्थापन कोषबाट विनियोजन हुने गरि रु. २०,०००।- राहत उपलब्ध गराउने निर्णय गरियो ।

६. धैरेनी प्रा.वि. मर्स्याङ्दी गाउँपालिका - ३ लाई विपद व्यवस्थापन कार्यविधिका आधारमा विपद व्यवस्थापन कोषबाट विनियोजन हुने गरि रु. २०,०००।- राहत उपलब्ध गराउने निर्णय गरियो ।

७. मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ स्थित माईती घरमा लामो समय देखि बस्दै आउनु भएका एकल महिला डिल कुमारी रिमाल, मर्स्याङ्दी - ८, लाई असक्त, असहाय, विपन्न सहायता कोष सञ्चालन कार्यविधिका आधारमा रु. १०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

८. मिति २०७५/०५/२७ मा आएको बाढी पहिरोबाट क्षती भएका निम्नानुसारका गोरेटो बाटो, बाटो, खानेपानी, कुलो तथा विद्यालय लगायतका संरचनाहरुलाई ति संरचनाहरुको तत्काल प्रयोग गर्न मिल्ने बनाउनको लागि भएको खर्चका लागि विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७४ को दफा २१( घ) अनुसार निम्नानुसारको दरले विपद व्यवस्थापन कोषबाट रकम छुट्याउने निर्णय गरियो ।

क) शिउरुङ कालाधिरिङ बल्खु शिलढुङ्गा गोरेटो बाटो रु ३०,०००।-

ख) प्रोवि / जिम्दो जाने गोरेटो बाटो रु ३०,०००।-

ग) पुरानो गाउँ जिम्दो गोरेटो बाटो रु १०,०००।-

घ) ननम्रो शिउरुङ् गोरेटो बाटो रु १०,०००।-

ङ) छहरे खोला तरापु कुलो रु १०,०००।-

च) घोप्टे गोरेटो बाटो ( वडा नं. २ ) रु १०,०००।-

छ) अर्खले स्यागे बाटो रु ३०,०००।-

ज) थाकन शिउरुङ् गोरेटो बाटो रु १०,०००।-

झ) लिलिभिर बाटो रु ५,०००।-

ञ) अर्खलेवेसी झोलेङ्गे पुल पहिरो सफा रु ५,०००।-

ट) सेग्ले खानेपानी रु १०,०००।-

ठ) तवै ढाँड गोरेटो बाटो रु १०,०००।-

ड) सिम्पानी साँडा गोरेटो बाटो रु १०,०००।-

ढ) खानेपानी मर्मत घोप्टे ( वडा नं. ४ ) रु १०,०००।-

ण) खानेपानी मर्मत रामबजार रु १०,०००।-

त) खानेपानी मर्मत कालाधिरिङ् डाँडा रु १०,०००।-

थ) खानेपानी मर्मत मोर्ङ्यु रु १०,०००।-

द) खानेपानी मर्मत धादुङ् रु ५,०००।-

ध) खानेपानी मर्मत पैयुखोला रु १०,०००।-

न) उपल्लो चिप्ला घोरेटो बाटो रु १०,०००।-

९. प्राविधिक धारको विद्यालय सञ्चालनको लागि CTEVT मा आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

१०. प्रारम्भिक वातावरणिय मुल्यांकन गरिएका गाउँपालिका भित्रका स्थानहरुमा ढुङ्गा, बालुवाको टेन्डर नियमानुसार खोल्नका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

११.ब्याकहो लोडर सञ्चालन कार्यविधि, २०७५ सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

१२. ब्याकहो लोडर सञ्चालन कार्यविधि,२०७५ मा व्यवस्था भएको ब्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धि समितिको गठन निम्नानुसारले गर्ने निर्णय गरियो ।

१. संयोजक - चेत बहादुर गुरुङ (

२. सदस्य- यूवा घले

३. सदस्य- सुमन गुरुङ

४. पदेन सदस्य- मेशीनले काम गर्ने सम्बन्धित वडाको वडा अध्यक्ष

५. सदस्य- प्राविधिक कर्मचारी प्रतिनिधि - उमेश घले

१३. गण्डकी प्रदेशबाट स्वीकृत भएको कृषक पहिचान तथा वर्गीकरण कार्यविधि, २०७५ को दफा ७ मा व्यवस्था भए अनुसार सिमान्तकृत, निर्वाहमुखी तथा साना कृषकलाई निशुल्क र अन्य वर्गका कृषकलाई सम्बन्धित स्थानीय तहले तोके बमोजिमको शुल्क लिनुपर्नेछ भन्ने व्यवस्था भएकोले निम्नानुसारको दरले दर्ता र नविकरण दस्तुर लिने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क) विशिष्ट कृषक- | दर्ता रु १०,०००।- | नविकरण रु ५,०००।- |
| ख) उद्यमी कृषक- | दर्ता रु ३,०००।- | नविकरण रु १,५००।- |
| ग) व्यवसायिक कृषक- | दर्ता रु १,५००।- | नविकरण रु ७५०।- |
| घ) व्यवसाय उन्मुख कृषक- | दर्ता रु ५००।- | नविकरण रु २५०।- |

१४. खुदी प्रहरी चौकीले आफ्नो स्रोत नभएको र २०७५ सालको महाअष्टमी र महानवमी पूजा गर्नका लागि केही रकम उपलब्ध गराईदिनुहुन भनी निवेदन पेश गरेकोले विभिन्न धार्मिक ,सांस्कृतिक साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट भुक्तानी हुने गरी रु.१५,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

१५. जिल्ला समन्वय समितिबाट यस गाउँपालिकामा खटिनुभएका सामाजिक परिचालक ( पाँचौं तह, अस्थायी ) लिल बहादुर रिमाललाई साविक जिल्ला समन्वय समितिमा खाईपाई आएको सेवा सुविधा यथावत रुपले उपलब्ध गराउने गरि निजको म्याद २०७५ श्रावण १ देखि लागु हुने गरी २०७५ पौष मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

१६. ब्याकहो लोडर चालकको तलव प्रतिमहिना रु १९,८७०।- र काम गर्दाको दिनको प्रतिघण्टा रु १००।- का दरले भत्ता समेत उपलब्ध गराउने गरि करारमा नियुक्ति गर्ने निर्णय गरियो । साथै ब्याकहो लोडर हेल्परको तलव प्रति महिना रु १५,०००।- उपलब्ध गराउने गरि करारमा नियुक्ति गर्ने निर्णय गरियो ।